# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०१।०८ गते ।

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरिएको ।

पुरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इन्जिनियर पूर्ण बहादुर श्रेष्ठले निर्माण सेवाका संचालक तथा सम्बद्ध संयुक्त उपक्रम (जेभी) हरूको बैंक खाताबाट देउकला अधिकारीको नाममा रहेको बैंक खातामा रकम जम्मा/प्राप्त गरेको र उक्त रकमहरू मध्येबाट भुक्तानी गरी देउकला अधिकारी र पूर्ण बहादुर श्रेष्ठको संयुक्त नाममा सम्पत्ति खरिद गरेको, उक्त रकम पुरातत्व विभागको खरिद कार्यहरूमा **घुस/रिसवत वापत लिई सम्पत्ति शुद्धीकरणसमेत गरेको** हुनसक्ने देखिएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निर्माण सेवा प्रा.लि.ले एकल वा संयुक्त उपक्रम (जेभी) मा समावेश भई पुरातत्व विभागले गरेको ठेक्का सम्झौताहरु मध्ये कुल जम्मा रकम रु.६४,२१,८९,६०३।२२ (चौंसठ्ठी करोड एक्काइस लाख उनान्नब्बे हजार छ सय तीन र पैसा बाइसमात्र) बराबरको ठेक्कामा प्रतिवादी पूर्ण बहादुर श्रेष्ठ इन्जिनियर/सिनियर डिभिजनल इन्जिनियरको रुपमा खरिद प्रक्रियामा संलग्न रहेको र निज प्रतिवादी पूर्ण बहादुर श्रेष्ठले ठेक्काको काममा घुस/रिसवत माग गरी उक्त ठेक्काहरुमा सहजीकरण गरिदिएवापत निज प्रतिवादी पूर्ण बहादुर श्रेष्ठले सोही विभागमा कार्यरत सहायक पथ प्रदर्शक देउकला अधिकारीसँगको मतसल्लाहमा निज देउकला अधिकारीको नाममा रहेको बैंक खातामा विभिन्न मितिमा पटक-पटक गरी घुस/रिसवत वापतको रकम रु.४,२२,७५,९८५।– (चार करोड बाइस लाख पचहत्तर हजार नौ सय पचासी रुपैयाँ) दाखिला गरे गराएको पुष्टि भएको देखिएको, उक्त घुस/रिसवत लिए/दिएको भ्रष्टाचारजन्य कसुर गरी आर्जन गरेको सम्पत्तिको गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने छल्ने उद्देश्यले निज प्रतिवादीहरु पूर्ण बहादुर श्रेष्ठ र देउकला अधिकारीको आपसी मिलेमतो र योजनामा उक्त सम्पत्तिबाट जग्गाहरु खरिद, सुन खरिद, विभिन्न व्यक्तिलाई भुक्तानीसमेत गरी गराई सम्पत्तिको गैरकानुनी स्रोत (इलिसिट अरिजिन) लुकाउने, रुपान्तरण तथा हस्तान्तरण गर्ने कार्य गरी गराई सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुरसमेत गरेको पुष्टि भएको हुँदा उक्त दुबै कसुरमा संलग्न देहायका प्रतिवादीहरु उपर देहाय बमोजिम सजाय हुन मागदाबी लिइएको छ।

**देहायः**

**घुस रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धमाः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | पुरातत्व विभागका तत्कालीन इन्जिनियर/सि.डि.ई **पूर्ण बहादुर श्रेष्ठ** | रु.४,२२,७५,९८५/– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रू. चार करोड बाइस लाख पचहत्तर हजार नौ सय पचासी रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन प्रतिवादीहरुले घुस रिसवत वापत प्राप्त गरेको रकमबाट |

| | | | |
|---|---|---|---|
| | | | जग्गाहरु खरिद, सुन खरिद, विभिन्न व्यक्तिहरुलाई भुक्तानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सम्पत्ती जफत/असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | पुरातत्व विभागका सहायक पथ प्रदर्शक **देउकला अधिकारी** | रू.४,२२,७५,९८५।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर भएको हुँदा मुख्य कसूरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रू. चार करोड बाइस लाख पचहत्तर हजार नौ सय पचासी रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुनेलाई आधारमानी निज प्रतिवादी देउकला अधिकारीलाई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन साथै, घुस रिसवत वापत प्राप्त गरेको रकमबाट जग्गाहरु खरिद, सुन खरिद, विभिन्न व्यक्तिहरुलाई भुक्तानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१क) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सम्पत्ती जफत/असुल उपर हुन मागदाबी लिइएको छ। |

**<u>घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बद्ध कसुर भई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) सम्बन्धीसमेत कसूर गरेको सम्बन्धमा थप मागदाबी:</u>**

पुरातत्व विभागका तत्कालीन इन्जिनियर/सि.डि.ई. पूर्ण बहादुर श्रेष्ठले सोही विभागमा कार्यरत सहायक पथ प्रदर्शक देउकला अधिकारीसँगको मतसल्लाहमा घुस/रिसवत लुकाउने छल्ने बदनियतले ठेक्का प्राप्त गर्ने निर्माण सेवाका संचालकबाट प्रतिवादी देउकला अधिकारीको नाममा रहेको बैंक खातामा रू.४,२२,७५,९८५/— (चार करोड बाइस लाख पचहत्तर हजार नौ सय पचासी रूपैयाँ) घुस/रिसवत लिई दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसुरजन्य कार्य गरी गराई उक्त घुस/रिसवतको उत्पत्तिको गैरकानुनी स्रोत (Illicit origin) बाट अलग देखाउनका लागि बैङ्कको खाता प्रयोग गरे गराएको देखिएको, घुस/रिसवत रकम भुक्तानी गरी वास्तविक कारोबार मूल्य भन्दा अत्यन्त न्यून मूल्य कायम गरी प्रतिवादीहरू पूर्ण बहादुर श्रेष्ठ र देउकला अधिकारीको संयुक्त नाममा नुवाकोट जिल्ला सुनखानी गा.वि.स. वडा नं ०९ को कित्ता नं ८५,८१८ र ८१९को क्षेत्रफल क्रमशः ६-१४-२-३, १-१-० र ८-१-१-१ तथा काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ६ को कित्ता नं ५४७ क्षेत्रफल ११३.२६ वर्ग मिटर रहेको घरजग्गाहरू खरिद

गरे गराएको, सोही कसुरबाट आर्जित सम्पत्तिको लगानी गरी सुनका गरगहनाहरू तौल ९९.६८ ग्रामसमेत खरिद गरी गराई प्रयोग प्रचलनमा ल्याएको पुष्टि भएको देखिएको, घुस/रिसवतको रकमबाट प्राप्त दुषित आर्जनलाई दुषित सम्पत्तिको वास्तविक स्रोतसँगको सम्बन्ध लुकाउने/विच्छेद गर्ने बदनियत राखी प्रतिवादी देउकला अधिकारीबाट निजको खातामा जम्मा भएको घुस/रिसवत रकम वापतको चेकहरू प्राप्त गरी आफ्नो प्रभावमा रहेका व्यक्तिहरू (Person under influence) प्रयोग गरी उक्त चेकहरू सटही गरी गराई नगदै रकम प्राप्त गरेको तथ्य पुष्टि भएको देखिएको, प्रतिवादी देउकला अधिकारीकै खाताको चेकमार्फत ऋण स्वरूप रकम लगानी गरी उक्त रकमहरू फिर्ता लिँदा नगदमा प्राप्त गरी गैरकानुनी स्रोतसँगको सम्बन्ध लुकाउन हरसम्भव प्रयास गरेको तथ्य पुष्टि भएको, प्रतिवादीहरू पूर्ण बहादुर श्रेष्ठसमेतले निर्माण सेवा प्रा.लि.का संचालकबाट प्राप्त घुस/रिसवतको रकमसँगको सम्बन्ध लुकाउने छल्ने उद्देश्यले देउकला अधिकारीको बैंक खातामा रकम प्राप्त गर्ने, निजकोसमेत संयूक्त स्वामित्व कायम हुने गरी छद्म स्वामित्व (Benami Ownership) सृजना गर्ने, अन्य व्यक्तिहरूबाट रकम प्राप्त गर्दासमेत वैध वित्तीय प्रणालीलाई बाहेक गरी रकम प्राप्त गर्ने लगायतको कार्य गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य घुस/रिसवतबापत प्राप्त गरेको रकम/सम्पत्तिको स्रोत लुकाउने कलुषित मनसाय राखी कसुरजन्य कार्यको सजाय छल्न त्यसरी प्राप्त गरेको सम्पत्तिको अधिकार बदल्न, स्वामित्व र स्वरूप परिवर्तन गर्न घरजग्गा खरिद, कर्जा लगानी, सुन खरिद, विभिन्न व्यक्तिहरूलाई भुक्तानी गरेको देखाई नगद प्राप्त गरी व्यवस्थापन गरे गराएको देखिँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहाय

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | पुरातत्व विभागका तत्कालीन इन्जिनियर/सि.डि.ई. **पूर्ण बहादुर श्रेष्ठ** | रू.४,२२,७५,९८५/– | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) ले परिभाषित एवं निषेधित कसुरमा बिगो रू. चार करोड बाइस लाख पचहत्तर हजार नौ सय पचासी रूपैयाँ कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय गरी पाउनका साथै, सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजाय हुन एवं सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) को दफा ३४ को उपदफा (१) बमोजिम सम्पत्ति/जग्गासमेत जफत/असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |
| २. | पुरातत्व विभागका सहायक पथप्रदर्शक **देउकला अधिकारी** | रू.४,२२,७५,९८५/– | मुख्य कसुरदार प्रतिवादी पूर्ण बहादुर श्रेष्ठले गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा सोही दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतियार भई सोही ऐनको दफा ३ को उपदफा (२) तथा सोही दफा ३ को उपदफा (३) मा |

| | | | |
|---|---|---|---|
| | | | परिभाषित कसुर गरेको पुष्टि भएको हुँदा बिगो रू. चार करोड बाइस लाख पचहत्तर हजार नौ सय पचासी रूपैयाँ कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम सजाय गरी पाउनका साथै सोही ऐनको दफा ३० को उपदफा (७) बमोजिम थप सजाय हुन एवं सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ (संशोधनसहित) को दफा ३४ को उपदफा (१) बमोजिम सम्पत्ति/जग्गासमेत जफत/असुल उपर गरी पाउन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने